नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #३३

९ साउन २०७७

| २०७७ बैशाख १ देखि साउन ८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२६ | ४७ | १०८ | ६ | ६ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२४ | ४७ | १०७ | ३ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

८ साउन विहान १०:०० बजेदेखि ९ साउन विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर १० स्थानमा **अविरल वर्षा,** ४ स्थानमा **पहिरो,** २ स्थानमा **आगलागी,** १ स्थानमा **बाढी**का घटना घटेका छन् । यी घटनामा परेर १ जनाको **मृत्यु,** २ जना **घाईते** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | १७ | २ | ५१,९१,००० | ० | १२ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १७ वटा घट्नाहरु भएका छन् ।
- **धादिङ्ग**को थाक्रे गाउँपालिका वडा नं ६ कार्की गाउँमा आफ्नै गोठमा भैंसी र बाख्रा सार्न जाँदा गोठको पछाडिबाट **पहिरो** खसी एक जनाको मृत्यु, २ वटा भैंसी, ६ वटा बाख्रा पहिरोमा पुरिएको ।
- **ताप्लेजुङको** पाथिभरा याङवरक गाउँपालिका वडा नं. ६ थुम्बेदिनमा एकघरको दक्षिण तर्फबाट **पहिरो** झरी घर चर्किई **७ लाख रुपैयाँ** बराबरको क्षति ।
- **चितवनको** भरतपुर महानगरपालिका वडा नं २ गंगोत्री मार्गमा रहेको एक सु-सेन्टरमा बिद्युत सर्ट भई **आगलागी** भएर सँगै जोडिएको अर्को ब्याग हाउस र आर्ट पसल समेतमा फैलिएको ।आगलागीबाट पसलहरुका सामान नष्ट, अन्य क्षतिको बिवरण आउन बाँकी ।
- **पाँचथर**को फिदिम नगरपालिका वडा नं.१ साब्राङमा अबिरल बर्षाका कारण **पहिरो** गई ३ घरमा सामान्य क्षति ।
- **सर्लाहीको** बरहथवा नगरपालिका वडा नं. १७ कटानिमा **अबिरल बर्षा**का कारण एक घरमा पानी पसि **३ लाख ९० हजार** रुपैयाँ बराबरको क्षति । चन्द्रनगर गाउँपालिका वडा नं ४ मा अर्को एउटा घरको कम्पाउण्डको पर्खाल **अविरल वर्षा**का कारण भत्किदा **६० हजार** रुपैयाँ बराबरको क्षति । ईश्वरपुर नगरपालिका वडा नं. ५ बारणटोलमा अर्को एक घर **अबिरल वर्षा**का कारण पुर्णरुपमा भत्किदा **५६ हजार** रुपैयाँ बराबरको क्षति ।
- **बाग्लुङ जिल्ला**को बागलुङ नगरपालिका वडा नं. ५ मालिकामा ३ वटा गोठ **पहिरो** आई भत्किई क्षति ।

## घट्ना सारांश...

- **पर्सा**को बिरगंज महानगरपालिका वडा नं.२८ बगहीस्थित एउटा घरमा ग्याँस सिलिन्डरको पाईप लिक भई **आगलागी** हुँदा निभाउने क्रममा २ जना घाईते ।
- **धनुषा**को शहिदनगर नगरपालिका वडा नं.१ स्थित एक घरको भान्सा कोठा **अबिरल वर्षा**का कारण पुर्ण रुपमा भत्किदा **१ लाख ५० हजार** रुपैयाँ बरावरको क्षति ।
- **तनहुँ**को बन्दिपुर गाउँपालिका वडा नं.६ घाटस्थित एउटा रिसोर्टमा माथिबाट **पहिरो** आउँदा २ वटा स्टोर रुम पुर्णरुपमा भत्किँदा **२६ लाख** बराबरको क्षति ।
- **पर्वत**को फलेबास नगरपालिका वडा नं.६ ठुलाचौरको एक घर **अबिरल बर्षा**को कारण भाँसीई पुर्णरुपमा भत्किँदा **५ लाख** रुपैयाँ बराबरको क्षति ।
- **नवलपरासी पश्चिम**को रामग्राम नगरपालिका वडा नं. १६ लालपाटीमा **अबिरल बर्षा**का कारण २ घर आंशिक क्षति हुँदा **३५ हजार** रुपैयाँ बराबरको क्षति ।
- **स्याङ्जा**को बिरुवा गाउँपालिका वडा नं. १ चिलडाँडामा एउटा धन्सारमा **बाढी** पसि भत्किदा २ वटा बाख्रा मरेको र **१ लाख** रुपैयाँ बराबरको क्षति ।
- **रौतहट**को ईशनाथ नगरपालिका वडा नं ६ घ्युरा स्थित **२** वटा घर र **१** वटा गोठ अबिरल बर्षाको कारण पुर्ण रुपमा भत्कीदा **१ लाख १० हजार** रुपैंया बराबरको क्षति ।
- **कालिकोटको** सानित्रिवेणी गाउँपालिका वडा नं ३ दुल्लीस्थित एक घरको छानोवाट बर्षादका कारण पानी चुहिन गई भत्किदा २ वटा भैसी सहित घरमा रहेको अन्नपात, लत्ताकपडा, भाडावर्तन पुरी क्षति ।
- **खोटाङ्ग**को अबिरल बर्षको कारण हलेसि तुवाचुङ नगरपालिका वडा नं २ बाईटारस्थित एक घरमा **अबिरल वर्षा**का कारण पानी पसी घर पुर्ण रुपमा क्षति हुँदा घरमा रहेको अन्नपात लत्ताकपडा सहित **३ लाख** रुपैंया बराबरको क्षति । वाप्लुङस्थित अर्को एक घरको छानाबाट पानी पसि गारो भत्कदा **२ लाख** रुपैंया बराबरको क्षति ।

## प्रतिकार्य


- सुरक्षा निकायको टोलीबाट आगलागीका कारण घाइते भएका व्यक्तिहरुको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको ।

# वर्षाको सारांश

## वर्षाको सारांशः

साउन ०८ गते बिहान ०८:४५ बजे देखि साउन ०९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/०९ गते बिहान ०८:४५ बजे १७७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः २६ र स्वचालितः १५१) मा मापन गरिएको वर्षाको विवरण अनुसार १६६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (८५.४ मि. मी.) ललितपुर जिल्लाको गोदावरी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १९ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ५९ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १०० वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-९ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणी र यसका सहायक नदीमा बहाव बढ्दो हुने र सतर्कता पुग्न सक्ने तर खतरा भन्दा तलै हुने । कोशी बढ्दो हुने र सतर्कता आसपास हुने । कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केहि घटबढ हुने र सतर्कता तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबईमा बहाव बढ्दो हुने र सबैमा बहाव सतर्कता तलै हुने पूर्वानुमान छ । कन्काई, कमला, बागमती, पश्चिम राप्ती, तिनाउका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, रौतहट, बारा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, गोरखा, लम्जुङ, तनहुँ, स्याङ्जा, कास्की , पर्वत, म्याग्दी, चितवन, नवलपरासी, गुल्मी, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा र आसपास भई बहने केहि स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/